# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

मिति : २०७६।०६।०८

श्रावण महिनादेखि देशभर फैलदै आएको डेंगो रोगले रत्ननगर नगरपालिका पनि अछुतो रहन नसकेको व्यहोरा रत्ननगर नगरवासीहरूलाई अवगत नै भएको विषयवस्तु हो । २०७६ श्रावणमा ८ जना, भाद्र महिनामा दिन दुगुना रात चौगुना दरमा वृद्धि भई १२६ जना पुगेको र रत्ननगर नगरपालिकाले संचालन गरेको **"म + म अभियान डेंगो नियन्त्रणको आधार"** भन्ने अभियान मार्फत रत्ननगर वासीहरूले प्रत्येक हप्ताको शनिबार ७:०० बजे संचालन गरेको लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने कार्यक्रमले रोग नियन्त्रण भई असोज महिनामा ३ जनामा सिमित गर्न सकिएकोमा रत्ननगरवासी, टोल विकास संस्था, महिला स्वास्थ्य स्वयंसेविका, समाजसेवी संघ संस्थाका प्रतिनिधिज्यूहरू, जनप्रतिनिधिज्यूहरू र संचारकर्मीज्यूहरू, यस रत्ननगर नगरपालिकाका स्वास्थ्यकर्मीहरू लगायत सबै सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रत्येक टोल विकास संस्थालाई सोही अनुसार सरसफाई कार्यक्रम निरन्तर संचालन गर्नु हुन अनुरोध गर्दछौं ।

यसरी डेंगो प्रभावित संख्या घट्दै जानुमा यहाँको योगदानको कदर गर्दै हार्दिक हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

रत्ननगर नगरपालिका
रत्ननगर, चितवन